सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम भाग)
Simli, Rukum (West Part)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
☎ ९८५७८२४२५३
टोल फ्रि नं. १८१०५०००१४६
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com

## सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८२/०९/२३**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका अनुसार, कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना र सानीभेरी गाउँपालिकाको लागत साझेदारीमा सहुलियत शुल्कमा सञ्चालन हुने भौचर प्रणालीमा आधारित पूर्व सिकाइको मान्यता (**Recognition of Prior Learning-RPL**) विधि अनुसार तपसिलका पेशाका इकाइगत (**Unit-Based**) सीप परीक्षणमा सहभागी हुन चाहने स्वदेश वा वैदेशिक रोजगारीबाट अनुभव प्राप्त तथा सीपयुक्त नेपाली नागरिकहरूबाट मिति २०८२/१०/२१ गते भित्र देहायको फारम संकलन केन्द्रमा आवेदन फाराम पेश गर्न सम्वन्धित सबैलाई जानकारी गराइन्छ।

**<u>तपसिल:</u>**

| क. स | पेशा | तह | फाराम संकलन केन्द्रहरू र सम्पर्क व्यक्ति |
|---|---|---|---|
| १. | कन्सट्रक्सन मेसन | २ | सानीभेरी गाउँपालिका रोजगार सेवा केन्द्र (रमेश खड्का ९८४८१९३७४०) |
| २. | प्लम्बर | २ | |
| ३. | वेल्डर | २ | |
| ४. | विल्डिङ पेन्टर | २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ०८३-५२३५४५ ०८३-५९०९८९ |
| ५. | टाईल, मार्वल फिक्सर | १ | |
| ६. | सेल, मोवाईल फोन टेक्निसियन | २ | |
| ७. | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ | |
| ८. | गार्मेन्ट फेब्रिकेटर | २ | |
| ९. | ब्युटिसियन | २ | |

(आवेदनको लागि न्यूनतम योग्यता, आवेदनका सर्तहरू र सूचना तथा आवेदन फारम सामाजिक विकास मन्त्रालयको कर्णाली प्रदेशको वेबसाइट https://mosd.karnali.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) कर्णाली प्रदेशको वेबसाइट https://ctevtkarnali.org.np बाट डाउनलोड गर्न तथा सानीभेरी गाउँपालिकाको वेबसाइट https://sanibherimun.gov.np/ बाट प्राप्त गर्न सकिनेछ)

२०८२/०९/२२

नरविर खड्का
प्रमुख प्रशासकीय अधिकृत

☐ पून: परीक्षणको लागि

सि.नं .........

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# राष्ट्रिय सीप परीक्षण समिति

## सीप परीक्षणको लागि दरखास्त फारम

**कार्यालय प्रयोजनको लागी**

पंजीकरण संख्या/(Reg.No) ☐ पंजीकरण मिति/(Reg.Date) ☐

सीप क्रमाङ्क/(Skill Symbol No) ☐ परीक्षण किसिम ☐ नियमित ☐ प्रायोजित

फोटो

श्रीमान् सदस्य सचिवज्यू,

त्यस समितिबाट मिति.......................मा लिईने सीप परीक्षणमा सम्मिलित हून मेरो नागरिकता, परीक्षण दिने व्यवसाय सम्बन्धी तालीम/अनुभवको प्रमाणित प्रतिलिपिहरु र दुई प्रति फोटो संलग्न गरी परीक्षण दस्तुर बुझाई निम्न विवरण सहित निवेदन पेश गरेको छु। नियमानुसार परीक्षणमा सहभागी हुन पाउं।

**व्यवसाय** ............................................................................ **तह:** .......... **परीक्षण केन्द्र:**..............................................................

१. निवेदकको पूरा नाम थर :

२. अंग्रेजी ठूलो अक्षरमा नाम थर :

जन्म मिति: (विक्रम सम्वतमा) २०.................. साल .......... महिना ........... गते (इस्वी सन्मा) २०.............साल ......... महिना ..........गते

**लिङ्ग:** पुरुष/महिला/अन्य **जातिगत समुह:** दलित ☐ जनजाती ☐ अन्य ☐ **नागरिकता:** प्रमाणपत्र नं.: जारी जिल्ला:............................ मिति:...................

३ .बाबुको पूरा नाम, थर: **देवनागरीमा**

बाबुको पूरा नाम, थर: **अंग्रेजी ठूलो अक्षरमा**

४. **निवेदकको स्थायी ठेगाना:**

नेपालीमा: गा.पा./न.पा./महा.न.पा........................................वडा.........ब्लक नं...............जिल्ला...............................अंचल...............................

अंग्रेजीमा: RM/N/M.........................................Ward No............. Block No............ .........District...............................Zone.......................................

५. **पत्राचार गर्ने ठेगाना:** गा.पा/न.पा./महा.न.पा...............................वडा.......ब्लक नं........जिल्ला........................अंचल..................फोन .................

६. **व्यवसाय सम्बन्धी विवरण:**

| सम्वन्धित व्यवसायमा तालिम लिएको अवधि | सम्बन्धित व्यवसायमा काम गरेको अवधि | बैदेशिक रोजगारबाट फर्केको भए |
|---|---|---|
| संस्थाको नाम:<br>वर्ष .......... महिना:...........(.......... घण्टा) | संस्थाको नाम:<br>वर्ष ............... महिना: ................ | देश र संस्थाको नाम:<br>पासपोर्ट नं.:<br>काम गरेको वर्ष ............... महिना: ............... |

७. सीप परीक्षणमा सामेल हुंदा रोजगारको अवस्था: छ ( ), छैन ( ) भएमा क) स्वरोजगार ख) स्वदेशी रोजगार ग) बैदेशिक रोजगार

८. यस अघि सीप परीक्षण दिएको छ ( ), छैन ( ), दिएको भए व्यवसाय.................................................................................... तह................

परीक्षण मिति...................... केन्द्र................................................................................ उर्त्तिण भएको भए : सैद्धान्तिक ( ) प्रयोगात्मक ( )

पंजीकरण संख्या.........................................सीप क्रमाङ्क..........................................

९. यदि बैदेशिक रोजगारीमा जाने इच्छा भएमा जाने मुलुकको नाम : ......................................................

१०. उल्लेखित विवरण वेबपेजमा राख्न मेरो पूर्ण मन्जूरी रहने छ।

११. उल्लेखित सबै विवरण ठीक साँचो हो, झुठा भएमा नियम बमोजिम सहुँला बुझाउँला।

.............................. ...........................

मिति निवेदक

| | | |
|---|---|---|
| सीप परीक्षण दस्तुर रु.: ..............<br>रसिद नं:................<br>मिति:................. | ● उल्लेखित लेखिएको विवरण रुजु गरी हेर्दा निवेदक परीक्षण दिन योग्य/अयोग्य देखिएकोले निजको दरखास्त फाराम स्वीकृत/अस्वीकृत लागि सिफारिश गर्दछु।<br>● फाराम अस्वीकृत भए कारण:................................................................ | ..............................<br>सदस्य सचिव<br>रा.सी.प. समिति |
| ........................<br>लेखा शाखा | ..............................<br>सीप परीक्षण अधिकृत | |

सम्पर्क फोन नम्बर: ०१६६३८१५३,०१६६३५६९९,०१६६३५१९५, ९८५११६३९६४, ९८५११२७०८० फ्याक्स: ०१६६३८३५१ र वेब: www.nstb.org.np

(Notice no: RPLPKA-01-2082/083)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश

## सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

### सूचना प्रकाशित मिति २०८२/०९/२२

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका अनुसार, कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना र स्थानीय तहको लागत साझेदारीमा सहुलियत शुल्कमा सञ्चालन हुने भौचर प्रणालीमा आधारित पूर्व सिकाइको मान्यता (**Recognition of Prior Learning-RPL**) विधि अनुसार तपसिलका पेशाका इकाइगत (**Unit-Based**) सीप परीक्षणमा सहभागी हुन चाहने स्वदेश वा वैदेशिक रोजगारीबाट अनुभव प्राप्त तथा सीपयुक्त नेपाली नागरिकहरूबाट सम्बन्धित स्थानीय तहमा रहेका तपसिल बमोजिमका पेशा/व्यावसायमा फाराम भरी तोकिएका संकलन केन्द्रहरूमा आवेदन फाराम पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

<u>तपसिलः</u>

**क. फाराम संकलन केन्द्रहरू**

| क्र.स. | आवेदन फाराम संकलन केन्द्रहरू | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्णाली प्रदेश, प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत | ०८३-५२३५४५<br>०८३-५९०९८९ | |
| २. | नौमुले गाउँपालिकाको कार्यालय, नौमुले बजार, दैलेख | सन्दिप बिक | ९८५८०८८१७० |
| ३. | डुंगेश्वर गाउँपालिकाको कार्यालय, डाँडापराजुल, दैलेख | कर्ण शाही | ९८४७०९४२९० |
| ४. | चौकुने गाउँपालिकाको कार्यालय, गुटु सुर्खेत | कमल कृष्ण जैशी | ९८५११०५४५७ |
| ५. | कपुरकोट गाउँपालिकाको कार्यालय, कपुरकोट सल्यान | बिपना बुढामगर | ९८४६३४१६८० |
| ६. | छत्रेश्वरी गाउँपालिकाको कार्यालय, सल्यान | पवन केसी | ९८४७९८८८२० |
| ७. | शारदा नगरपालिकाको कार्यालय, खलंगा, सल्यान | शान्ता बुढाथोकी | ९८६८३१९९२९ |
| ८. | बनगाड-कुपिण्डे न.पा.को कार्यालय, सल्लीबजार सल्यान | लोक बहादुर नेपाली | ९७६७८९५९३१ |
| ९. | भेरीगंगा नगरपालिकाको कार्यालय, छिन्चु, सुर्खेत | प्रकाश पौडेल | ९८५८०५४४३३ |
| १०. | बराहताल गाउँपालिकाको कार्यालय, बड्डीचौर, सुर्खेत | राम कृष्ण गौतम | ९८६४७३५०२० |
| ११. | गुर्भाकोट नगरपालिकाको कार्यालय, शुभाघाट, सुर्खेत | जीवन ओली | ९८५८०७८२३७ |
| १२. | लेकबेशी नगरपालिकाको कार्यालय, कल्याण, सुर्खेत | डिल्ली राम तिवारी | ९८५८०३७४८१ |

CTEVT Karnali Province

| क्र.स. | आवेदन फाराम संकलन केन्द्रहरू | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|
| १३. | सिम्ता गाउँपालिकाको कर्ययालय, राकम, सुर्खेत | हरी बहादुर बुढा | ९८४९९११९६८ |
| १४. | सानीभेरी गा.पा.को कार्यालय, सिम्ली, रुकुम (पश्चिम) | रमेश खड्का | ९८४८१९३७४० |
| १५. | मुसीकोट नगरपालिकाको कार्यालय, रुकुम (पश्चिम) | माया कु. श्रीबास्तब | ९८६०२०५९२६ |
| १६. | भगवतीमाई गाउँपालिकाको कार्यालय, पगनाथ, दैलेख | बल बहादुर भण्डारी | ९८४८२९३६०२ |
| १७. | महाबु गाउँपालिकाको कार्यालय, गैडावाज, दैलेख | रविन्द्र शाही | ९८५८०७५८५५ |
| १८. | वीरेन्द्रनगर न.पा.को कार्यालय, वीरेन्द्रनगर, सुर्खेत | मोहन प्र. पौड्याल | ९८५८०२६५५८ |
| १९. | गुराँस गाउँपालिकाको कार्यालय, गुराँसे, दैलेख | बिशाल बि.क. | ९८४८१४२७१० |

**ख. परीक्षण हुने व्यावसाय र तह:**

| क.स | पेशा | तह | कैफियत |
|---|---|---|---|
| १. | कन्सट्रक्सन मेसन | २ | खण्ड “क” मा तोकिएको आवेदन संकलन केन्द्रमा आवेदन दिन सकिने छ । |
| २. | प्लम्बर | २ | |
| ३. | वेल्डर | २ | |
| ४. | विल्डिङ पेन्टर | २ | |
| ५. | टाईल, मार्बल फिक्सर | १ | |
| ६. | सेल, मोबाईल फोन टेक्निसियन | २ | |
| ७. | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ | |
| ८. | गार्मेन्ट फेब्रिकेटर | २ | |
| ९. | ब्युटिसियन | २ | |

**नोटः** ब्युटिसियनको दक्षता परीक्षण राष्ट्रिय सीप परीक्षण केन्द्र, सानोठिमी भक्तपुरबाट हुने भएकोले सो स्थानबाट दक्षता परिक्षणमा सहभागी हुन इच्छुक उम्मेदवारले मात्र आवेदन दिन हुन जानकारी गराइन्छ।

**ग. आवेदनको लागि न्यूनतम योग्यता:**

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यावसायको ज्ञान र सीप भएका र सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको, |
| तह २ को लागि | सम्बन्धित व्यावसायको ज्ञान र सीप भएका र सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको,<br>वा<br>सम्बन्धित व्यावसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भएका र प्रमाणपत्र जारि भएको मितिबाट कम्तिमा सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको, |

**घ. आवेदन तथा रजिस्ट्रेसन शुल्कः रु २७० (आवेदकले व्यहोर्ने)**

CTEVT Karnali Province

## ङ. सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नु पर्ने सर्तहरूः

१. यस सूचना तथा आवेदन फारम सामाजिक विकास मन्त्रालयको कर्णाली प्रदेशको वेबसाइट https://mosd.karnali.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) कर्णाली प्रदेशको वेबसाइट https://ctevtkarnali.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२. आवेदन फाराम तोकिएको संकलन केन्द्रमा मिति २०८२/१०/२१ गते भित्र बुझाउनु पर्नेछ। आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलि पल्टसम्म बुझाउन सकिनेछ।

३. आवेदन फारामको साथ पासपोर्ट साइजको हालसालै खिचिएको समान किसिमका फोटो २ प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा/व्यावसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। १६ वर्ष उमेरपछिको अनुभवको मात्र गणना हुनेछ।

४. स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन्।

५. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशामा विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ।

६. तोकिएको समयभित्र दर्ता नभएका र रीत नपुगेका आवेदन फारामहरू स्वतः रद्द हुनेछन्।

७. परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट गराइनेछ। सीप परीक्षण केन्द्रबाट सहभागी स्वयं उपस्थित भई सीप परीक्षणको अघिल्लो दिनसम्म प्रवेश पत्र प्राप्त गर्न सकिनेछ। सम्पर्क मितिको भोलिपल्टदेखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ।

८. परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउनेछन्।

९. आवेदकले कुनै एक पेशामा मात्र आवेदन दिन पाउनेछन्।

१०. तहगत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाईको प्रमाणपत्र प्राप्त गर्नेछन्।

११. सीप परीक्षण आवेदन फाराम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले) उक्त अवधिभित्र अनलाइन फाराम प्रविष्ट (entry) गरी **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, कर्णाली प्रदेश** कार्यालयबाट अन्तिम रुजु भई सकेपछि प्रविष्टि बापत प्रति फाराम रु ७०।- का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने स्थानीय तह/केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई परिषद् कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेतको नाममा

CTEVT Karnali Province

रहेको राष्ट्रिय बाणिज्य बैंकको खाता नं. ४०८०१०००१५५२७००१ मा रकम जम्मा गरी सक्कल भौचरको स्क्यान कपी अपलोड गर्नुपर्नेछ।

१२. यस सूचनामा उल्लेखित पेशा/व्यावसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्णाली प्रदेशको फोन नम्बर ०८३-५२३५४५ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, कर्णाली प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०८३-५९०९८९ मा सम्पर्क गर्न सकिने छ ।

**निर्देशक**

CTEVT Karnali Province